" डिजिटल लिडरसिपको लागि युवा नेतृत्व "

# चुनावी घोषणापत्र

२०७९



# चुनावी घोषणापत्र (२०७९)

## चितवन क्षेत्र नम्बर २ (ख)

### विषयसूची


१. वर्तमान परिवेश
२. वर्तमान आवश्यकता
३. योजनाहरु
४. योजना कायान्वयन गर्ने कार्यक्रमहरु (चरणबद्ध)
५. राजनीतिक प्रणालीमा सुधार
६. डिजिटल लिडरसिप निर्माण आन्दोलनको प्रस्ताव
५. प्रतिबद्धताहरु
८. मुख्य नाराहरु

## वर्तमान परिवेश

**सम्पूर्ण आदरणीय जनसमुदायहरु,**

आज हामी एक्काइसौं शताब्दीमा छौं । यो शताब्दी विज्ञान-प्रविधिको उच्च विकासद्वारा सम्पन्न शताब्दी हो । विज्ञान-प्रविधिको असाधारण उपलब्धिबाट अब सम्पूर्ण मानव जीवनलाई सुखी र समृद्ध बनाउन सम्भव भएको छ । तर हाम्रो समाज अझै पनि पिछडिएको अवस्थामा (१६औं शताब्दीको जस्तो) छ । यसको कारण हाम्रो समाज बदलिँदो विश्वको गतिमा अगाडी बढ्न नसक्नु हो भन्ने कुरा सहजै बुझ्न सकिन्छ । हाम्रो राजनीतिक प्रणालीमा परिवर्तन ल्याउने तीनवटा ठूला क्रान्तिहरु भए । २००७ सालको क्रान्तिले समान्तवादी जहानियाँ राणाशासनलाई अन्त्य गरेर प्रजातन्त्रको स्थापना गर्‍यो । २०४६ सालको क्रान्तिले निरंकुश पञ्चायती व्यवस्थालाई अन्त्य गरेर बहुदलीय व्यवस्थालाई स्थापित गर्‍यो । त्यसैगरी २०६२/२०६३ सालको क्रान्तिले राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापित गर्‍यो । तर यी तीन ठूला क्रान्तिहरुको बावजुद हाम्रो समाजको वास्तविक अवस्थामा तात्विक परिवर्तन हुनसकेको छैन । जनताको जीवनस्तर माथि उठ्न सकेको छैन । हाम्रो परनिर्भरता घटेको छैन र देशको मुहार फेर्नसक्ने विकास भएको छैन ।

त्यसकारण अब हाम्रो समाजको वर्तमान अवस्था र सिंगो विश्वको वर्तमान अवस्थाबीचको यो विसंगतिलाई अन्त्य गरेर देशलाई अग्रगामी दिशामा लानको लागि एउटा नयाँ कदम चाल्नुपर्ने परिवेश सिर्जना भएको छ ।

## वर्तमान आवश्यकता

**आदरणीय जनसमुदायहरु,**

२०६२/०६३ सालको पूर्वसन्ध्यामा तत्कालीन सात दलका शीर्ष नेताहरुले यो आन्दोलन सफल भयो भने नेपाली समाजका तमाम समस्याहरु हल हुने दावी गरेका थिए । आन्दोलनको सफलतापछि शान्ति प्रक्रियामा सामेल भएको विद्रोही माओवादीका शीर्ष नेताहरुले पनि नेपाललाई विश्वकै समुन्नत राष्ट्र बनाउने उद्घोष गरेका थिए । जनताले नेताहरुको मागअनुसार नै परिवर्तनमा साथ पनि दिएका हुन् । त्यो परिवर्तन भएको १७ वर्ष बितिसकेको छ, जुन आजको विज्ञान तथा प्रविधिको युगमा हाम्रो जस्तो सानो भूगोल र सानो जनसंख्या भएको मुलुकलाई परिवर्तन गर्नको लागि पर्याप्त समय हो । यही १५/२० वर्षमा मलेसिया, सिंगापुर, दक्षिण कोरिया, ईथोपियाजस्ता हामीभन्दा सबै सूचकांकमा पछि रहेका मुलुकहरुले अल्पविकसितबाट विकसित स्थानमा उक्लिनमा सफलता पाएका छन् । तर हाम्रा तिनै शीर्ष नेताहरु १७ वर्षपछि विकसित देशसँग होइन, टाट पल्टिएका श्रीलंकाजस्ता मुलुकसँग हामीलाई दाँज्दै छन् ।  विश्वव्यापी परिवर्तनको गतिमा हाम्रो गति निकै सुस्त छ । संसारभरिको राजनीतिक प्रणालीमा (त्यो चाहे चीनजस्तो एकदलीय व्यवस्थामा होस् वा अमेरिकाजस्तो दुईदलीय वा भारतजस्तो

बहुदलीय व्यवस्थामा होस्) एकै खालको नेतृत्वलाई दुई कार्यकाल (अधिकतम १२ वर्ष) भन्दा धेरै अवसर दिएको उदाहरण हामीसँग छैन । नेपाली जनताले २०६४ सलमा नयाँ दल माओवादीलाई मूल नेतृत्वमा स्थापित गरे । २०७० सालमा पुनः पुरानै दल एमाले र कांग्रेसलाई म्यान्डेट दिए । २०७४ सालमा स्थिर सरकारको नारामा वामपन्थी दलहरुलाई स्थापित गरे । तर अन्ततः यी तीनवटै मोडेलहरु असफल सावित भए ।

वर्तमान बहुदलीय व्यवस्थामा राजनीतिक दलहरु तथा ती दलका नेताहरु नै असान्दर्भिक हुँदै छन् । यस्तो समयमा एउटा ठूलो राजनीतिक शून्यता (भ्याकुम) सिर्जना भएको छ । २०६२/०६३ सालको जनआन्दोलनमार्फत जनताले हासिल गरेका उपलब्धिहरु गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशितालाई संस्थागत गरेको संविधान नै असफल हुनगइरहेको तथ्य सम्पूर्ण सचेत मतदाताहरुलाई अवगत नै छ । यस्तो अवस्थामा यो राजनीतिक भ्याकुमलाई परिपूर्ति गर्न सचेत मतदाताहरुले नेपाली राजनीतिको तेस्रो पुस्ता '**युवा पुस्ता**' लाई नीति-निर्माणको मूल तहमा स्थापित गराएर २/४ जना पुराना नेताहरुको सिन्डिकेटबाट पुराना दलहरुलाई र हाम्रो लोकतन्त्रलाई मुक्त गर्नु आजको मूलभूत आवश्यकता हो ।

# योजनाहरु

## १. पर्यटन विकास

१) स्थानीय संस्कृतिमा आधारित होमस्टेको संरक्षण, व्यवस्थापन र विस्तार गरिनेछ ।

२) दुई-तिहाई भाग जंगलले ढाकेको हुँदा त्यस क्षेत्रमा साईकल मार्गको निर्माण गरिनेछ ।

३) ऐतिहासिक पर्यटन क्षेत्रहरुको खोज-अनुसन्धान गरी पर्यटन स्थलको रुपमा विकास गरिनेछ ।

३) निर्माणाधीन अन्तर्राष्ट्रिय गौतम बुद्ध क्रिकेट रंगशालाको निर्माण सम्पन्न गरी खेलकुदलाई स्थानीय पर्यटनसँग जोडिनेछ ।

५) आई.टी. र आउटसोर्स कार्यहरुको लागि पर्यटकलक्षित अन्तर्राष्ट्रिय स्तरको आई.टी. स्याटेलाईट ईन्फ्रास्ट्रक्चर र कनेक्टीभिटीको निर्माण गरिनेछ, जुन कुनै प्राकृतिक प्रकोपले क्षति पुऱ्याउन नसक्ने वैकल्पिक ऊर्जामा आधारित हुनेछ ।

## २. अन्तर्राष्ट्रिय स्तरको आई.टी. पार्कको निर्काण तथा विकास

१) चितवनको भूगोल पश्चिम नेपालको महेन्द्र नगरबाट करिब ६०० कि.मी., पूर्वी नेपालको काकरभिट्टाबाट करिब ५०० कि.मी र केन्द्रीय राजधानी काठमाडौंबाट १४० कि.मी.को दूरीमा देशको मध्यभागमा अवस्थित भएको हुँदा वैकल्पिक ऊर्जामा आधारित डाटा सेन्टरको निर्माण गरिनेछ ।

२) वैकल्पिक ऊर्जाहरु सौर्य ऊर्जा, वायु ऊर्जा र वायोग्याँसका प्लान्टहरु स्थापना गरी वैकल्पिक ऊर्जाको आधार तयार गरी र नियमित आपूर्ति गरिनेछ ।

३) सरकारी सेवा प्राप्त गर्नको लागि सरकारी कार्यालयहरुमा जानु नपर्ने व्यवस्था गरिनेछ ।
४) प्रत्येक वर्ष फेब्रुअरीमा अन्तर्राष्ट्रिय विज्ञहरुको सहभागिता रहने गरी अन्तर्राष्ट्रिय स्तरको आई.टी. सम्मिट (सम्मेलन) को आयोजना गरिनेछ ।
५) आई.टी. पार्कमा सवै आई.टी. कम्पनीहरुलाई 'ट्याक्स फ्री जोन' को रुपमा विकास गरिनेछ ।

## ३. विज्ञान–प्रविधिसम्बन्धी वृहत संस्थाको निर्माण

नेपालमा विज्ञान-प्रविधिको विकास तथा व्यापक प्रयोग गर्नको लागि बेलायतको 'रोयल सोसाइटी' वा अमेरिकाको 'फिलोसोफिकल सोसाइटी' जस्तै एउटा बृहत विज्ञान संस्थाको स्थापना गरिनेछ । यसले वर्तमान युगमा विज्ञान-प्रविधिको क्षेत्रमा आवश्यक सम्पूर्ण र्काहरु गर्नेछ ।

**१) उद्देश्य**

यो संस्थाको उद्देश्य नेपालमा विज्ञान-प्रविधिको विकास गर्नु र विज्ञान-प्रविधिको प्रयोगबाट नेपाली समाजको आमूल रुपान्तरण तथा उच्च समृद्धि हासिल गर्नु हुनेछ । वर्तमान युगमा विज्ञान-प्रविधि नै समाजको प्रमुख आधार भएको हुँदा यसको माध्यमबाट पिछडिएको नेपाली समाजलाई प्रगतिको मार्गमा अगाडि बढाउने लक्ष्यसहित यो संस्थाको स्थापना हुनेछ ।

**२) कार्यहरु**

यो संस्थाका कार्यहरु दुई प्रकारका हुनेछन्- (१) सैद्धान्तिक कार्य र (२) व्यावहारिक कार्य ।

**(१) सैद्धान्तिक कार्य**

नेपाली समाजमा वैज्ञानिक तथा प्राविधिक ज्ञान फैल्याउन र विज्ञान-प्रविधिको उपयोगको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न संचालन गरिने कार्यहरु यसअन्तर्गत पर्नेछन् । यसमा अध्ययन-अनुसन्धान तथा शैक्षिक कार्यहरु संचालन गरिनेछ ।

**(२) व्यावहारिक कार्य**

विज्ञान-प्रविधिलाई समाजमा उपयोग गर्नको लागि संचालन हुने कार्यहरु यसअन्तर्गत पर्नेछन् ।

**(३) कार्यक्रम**

आफ्नो उद्देश्य पूरा गर्नको लागि यो संस्थाका निम्नानुसार कार्यक्रम हुनेछन्-

(क) सर्वप्रथम यसले चार निकायहरुको निर्माण गर्नेछ- पुस्तकालय, संग्रहालय, प्रयोगशाला र बेधशाला ।

(ख) यसले देशको समग्र वस्तुस्थितिको अध्ययन गरी सम्पूर्ण विवरण तयार गर्नेछ ।

(ग) विज्ञान-प्रविधिको वर्तमान अवस्थाको अध्ययन गरी सम्पूर्ण विवरण तयार गर्नेछ ।

(घ) त्यसपछि ती विवरणहरुको आधारमा उपयुक्त कार्यहरुको छनौट गरी कार्यान्वयन गर्नेछ ।

## ४. शिक्षा

१) खुल्ला विश्वविद्यालयको अवधारणालाई विकास गरी व्यक्तिका निजी तथा प्राकृतिक क्षमताहरुलाई प्रबर्धन गरी आधिकारिक बनाइनेछ ।
२) शिक्षालाई स्थानीय उत्पादन तथा व्यवसायमा आधारित उत्पादनमूलक बनाइनेछ ।
३) सामुदायिक शिक्षालाई प्रमुख रुपमा प्रबर्धन गरिनेछ ।
४) प्रत्येक सामुदायिक विद्यालयमा वैज्ञानिक प्रयोगशाला र आई.टी. ल्याबहरुको निर्माण तथा स्तरोन्नति गरिनेछ ।
५) सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई यातायात र आवासलगायत अन्य खर्चमा सम्पूर्ण करहरु मिनाह गरिनेछ । विद्युतीय चुल्हो निःशुल्क उपलब्ध गराइनेछ ।

## ५. स्वास्थ्य

१) प्रत्येक वडामा नागरिकहरुको निःशुल्क स्वास्थ्य परीक्षण गरी उनीहरुको स्वास्थ्य अवस्थाको डिजिटल लगत तयार गरी अभिलेख बनाइनेछ ।
२) स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गरिनेछ, जसको माध्यमबाट विपन्न नागरिकहरुले निःशुल्क स्वास्थ्य सुविधाहरु पाउनेछन् ।
३) सरकारी अस्पतालहरुको सामुदायीकरण गरिनेछ । प्रत्येक वडामा न्युनतम एउटा हेल्थपोष्ट अनिवार्य गरिनेछ ।
४) सामुदायिक अस्पतालहरुलाई आजसम्म चिकित्साविज्ञानले आविष्कार गरेका प्रविधि तथा उपकरणहरुद्वारा सुसज्जित गरिनेछ ।
५) दीर्घरोगी, वृद्धवृद्धा तथा प्राणघातक रोगको निःशुल्क उपचारको लागि सार्वजनिक स्वास्थ्य कोष स्थापना गरिनेछ ।

## ६. कृषि

१) एग्रो टुरिजमको विकास गरिनेछ ।
२) अहिलेसम्म विकास भएका उच्चस्तरका विज्ञान तथा प्रविधिको प्रयोग गरेर कृषकको जमिनको माटो परीक्षण गरिनेछ र त्यो माटो सुहाँउदो कृषि बालीहरुलाई अनुदान दिएर प्रोत्साहन गरिनेछ ।
३) डिजिटल प्लेटफर्महरु उपयोग गरी कृषि उपजहरुलाई सीधै उपभोक्ताहरुसम्म पुऱ्याइनेछ ।
४) रामपुरको कृषि क्याम्पसलाई विश्वकै नमुना क्याम्पसको रुपमा स्तरोन्नति गरिनेछ ।

५) चितवनले राष्ट्रिय उत्पादनमा विशेष योगदान पुऱ्याएको कुखुरा पालन र माछा पालन तथा डेरीजन्य उत्पादनमा अत्याधुनिक प्रविधिको प्रयोग गरी ५ वर्षमा उत्पादनमा तेब्बरले वृद्धि गराइनेछ ।

## ७. जलवायु परिवर्तन नियन्त्रण गर्ने

१) विद्युतीय बाहनहरुको प्रयोगलाई अत्यधिक बढाइनेछ ।
२) वातावरणमैत्री संरचनाहरु निर्माणमा प्राथमिकता दिइनेछ ।
३) वनजंगलको वृद्धिको लागि वृक्षारोपणलाई जोड दिइनेछ ।
४) भावी पुस्तालाई सग्लो वातावरण हस्तान्तरण सुनिश्चित गरिनेछ ।
५) प्राकृतिक पर्यावरणीय सन्तुलनमैत्री नीतिहरु निर्माण गर्नको लागि वनजंगल, पशुपंक्षीलगायतको डिजिटल प्रोफाइल तयार गरी डेटा सिस्टममा अभिलेख गरिनेछ ।

## ८. उद्योगको विकास

१) औद्योगिक तथा वाणिज्य क्षेत्रहरुको विस्तार गरिनेछ ।
२) चितवनमा उत्पादन हुने कच्चा पदार्थ (कृषिजन्य वस्तुहरु) मा आधारित उद्योगहरुलाई निर्यातमा सहुलियत तथा कर छुटको व्यवस्था मिलाइनेछ ।
३) कृषि व्यवसायको लागि आवश्यक औद्योगिक वस्तुहरु दाना तथा औषधि उत्पादन गर्ने उद्योगहरु स्थापना गरिनेछ ।
४) तथ्यांक विभागको पछिल्लो रिपोर्टअनुसार महेन्द्र राजमार्गको आसपास नेपालको ७२ प्रतिशत जनसंख्याको बसोबास रहेको छ । यो सम्पूर्ण जनसंख्याको लागि आवश्यक वस्तु तथा सेवाको मध्यमार्गको रुपमा चितवनलाई व्यापारिक हबको रुपमा विकास गरिनेछ ।
५) औद्योगिक विकासमा पर्यावरण संरक्षणलाई जोड दिइनेछ, जसअन्तर्गत वातावरणलाई प्रतिकुल असर गर्ने उद्योगहरुलाई ५ वर्षमा विस्थापित गरिनेछ ।

# योजना कार्यान्वयन गर्ने कार्यक्रमहरु

१) साइकल सर्किटहरु र ग्रामीण क्षेत्रहरुलाई आधार बनाएर २०८० सालको आरम्भमा २० वटा स्थानीय घरहरुलाई होमस्टेको अवधारणामा ल्याएर यो कार्यको शुरुवात गरिनेछ । ५ वर्षमा चितवन जिल्लाभरि यस्ता होमस्टेहरुको संख्या बढाएर २०० घर पुऱ्याइनेछ ।

२) विकसित भएको प्रत्येक होमस्टेलाई अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुको सहयोगमा साइकलमा ५०% अनुदानको व्यवस्था गरिनेछ, जसलाई सामुदायिक होमस्टेहरुले संचालन गर्नेछन् । त्यसैगरी

नारायणी नदीको किनार, रापती नदीको किनार र सौराहदेखि कसरा हुँदै माडीसम्मको जंगली भू-भागलाई विस्तार गरी ग्रीन साइकल सर्किटको निर्माण गरिनेछ ।

३) ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्रहरु जस्तैः उप्रदाङ् गढी, बीसहजारी ताल, सौराह, मेघौली, देवघाट, बाल्मीकि आश्रम, सोमेश्वर गढी, आदिमा सडक सञ्जाल विस्तार गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी तथा विकास गर्ने लगायतका कार्यक्रम ५ वर्षको योजनामा प्राथमिकतामा पर्नेछन् ।

४) निर्माणाधीन गौतम बुद्ध रंगशालालाई सामुदायिक सहकारीमा विकास गरेर समुदाय र सरकारबाट बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गरिनेछ ।

५) चितवनका विभिन्न क्षेत्रहरुका प्रयोगबिहीन सार्वजनिक जमिनहरुलाई लोकेट गरी करिब २० वर्ग किलोमिटर क्षेत्रफलमा अन्तर्राष्ट्रिय स्तरको आई.टी. पार्कको निर्माण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्डअनुसारको डीपीआर तयार गरी अन्तर्राष्ट्रिय दातृ निकायहरु विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक, भारत, चीन, अमेरिका, जर्मनी, बेलायत, क्यानाडा, फ्रान्स, नर्वे, जापान, दक्षिण कोरियाजस्ता देशहरुसँग लोन तथा अनुदानको लागि आह्वान गरिनेछ । तर त्यस्तो लगानीलाई स्वीकार गर्दा हाम्रो डाटा सुरक्षाको संवेदनशीलतालाई ध्यान दिइनेछ ।

## राजनीतिक प्रणालीमा सुधार

२००७ सालमा राजा त्रिभुवन सपरिवार दिल्ली सवारी भएर देशभित्र कांग्रेसको नेतृत्वमा जनआन्दोलनपश्चात १०४ वर्षे जहानिया राणाशासनको अन्त्य हुँदा अब अद्यावधिक निर्वाचनमार्फत जनतालाई सार्वभौम बनाइनेछ भनेर घोषणा गरिएको थियो । तर राणाहरुको राजकीय अधिकार राजामा सऱ्यो, जनतामा होइन । २०१७ सालपछि त जनताका सम्पूर्ण सार्वभौमिक प्राकृतिक अधिकारहरु राष्ट्रिय पञ्चायतको बन्धनमा परे । २०४६ सालमा नेपाली कांग्रेस र तत्कालीन वाममोर्चाले संयुक्त आन्दोलनको घोषणा गरेर सम्पन्न भएको जनआन्दोलनपछि बनेको संविधानले लिखित रुपमा जनतालाई सार्वभौम भनेर उल्लेख गऱ्यो । तर जनताले ५ वर्षमा १ पटक भोट हाल्नेबाहेक अन्य अधिकार प्राप्त गर्न सकेनन् । त्यो परिवर्तनले स्थापित गरेको अधिकार पुनः ५/८ लाख कार्यकर्ता भएका राजनीतिक पार्टीहरु र तिनीहरुका मूल नेतृत्वहरुले कब्जा गरे । त्यसपछि पुनः २०६२/०६३ मा जनताले आफ्नो अधिकारको पक्षमा लडे । युद्धरत नेकपा माओवादी र सात दलले १२ बुँदे सहमतीमार्फत सम्पूर्ण सार्वभौम सत्ता जनताको हातमा हुनेछ भनेर उद्घोष गरे । अन्तरिम संविधानले नै गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी तथा समानुपातिक सहभागिताजस्ता मुद्धाहरुलाई स्थापित गरे पनि केन्द्रीकृत राज्यप्रणालीको विरुद्धमा २०६४ मा मधेश विद्रोह भयो, जसले संघीयतालाई स्थापित गऱ्यो । त्यसपछि भएका २०६४, २०७० तथा २०७४ का तीनवटै निर्वाचनहरु र त्यसपछि बनेका सरकारका प्राक्टिसहरुबाट हामी के निष्कर्ष निकाल्न सक्दछौं भने जनताका अधिकारहरु अझै पनि सीमित राजनीतिक दलका सीमित नेताहरुको सिन्डिकेटमा बन्धक छन् । नामै लिनुपर्दा विगतमा गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, आदि नेताहरु मृत्युपछि पनि पार्टीको राजकीय सत्ता र सके देशकै राजकीय सत्ता आफूसँगै लिएर जाने प्रक्टिसमा थिए । त्यसैगरी अहिले पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार

नेपाल, झलनाथ खनाल, केपी ओली, शेरबहादुर देउवाजस्ता नेताहरु त्यही प्रक्टिसमा छन् । लोकतन्त्रमा प्रजातन्त्र स्थापनाको करिब ३५ वर्षसम्म सीमित नेतामा बन्धक भएको इतिहास विश्वमा कहीं पनि पाइँदैन ।

त्यसकारण अब वास्तवमै जनतालाई निर्णायक बनाउने राजनीतिक प्रणालीमा सुधार गरिएन भने नेपाली समाज अर्को राजनीतिक विद्रोहको नजिक पुग्नेछ । त्यसको लागि हामी हाम्रो राजनीतिक प्रणालीमा यही संविधान संशोधन गरेर जनतालाई अधिकारसम्पन्न बनाउने प्रस्ताव गर्न चाहन्छौं ।

## १) निर्वाचन प्रणाली सामान्य बनाउने

विद्यमान म्यानुअल निर्वाचन प्रणाली सरकार, राजनीतिक दलहरु र उम्मेदवारहरुका लागि व्यापक खर्चिलो छ । फलस्वरुप राजनीति सामान्य जनताबाट टाढा हुँदै छ । जुन गरीब समुदायलाई राजनीति आवश्यक छ वा जुन समुदायलाई राजनीतिले सम्बोधन गर्नुपर्ने हो, उही समुदायको पहुँचभित्र राजनीति छैन । हरेक पार्टीमा साधन-स्रोतले सम्पन्न व्यक्तिहरु प्रभावशाली छन् । त्यसकारण राजनीतिलाई सरल तथा सामान्य बनाउन सम्पूर्ण मतदाताहरुको डिजिटल अभिलेख तयार गर्ने, थप हुने मतदाताहरुलाई अनलाई सिस्टमबाट सजिलै डिजिटल अभिलेख बनाउन सहज प्रक्रियाको विकास गर्ने, सम्पूर्ण निर्वाचन क्षेत्रहरुमा एटिएम जस्ता बुथ मेसिनहरुको केन्द्रीय डाटा सेन्टरको ईन्फ्रास्टक्चर तयार गर्ने, निर्वाचन आयोगले गर्ने, मतदाता शिक्षालाई क्षेत्र छुट्याएर अनलाईन प्लेटफर्ममार्फत संचालन गर्नेलगायतका कार्यहरु गर्नु आवश्यक छ । यी सबै कार्यहरुका लागि लगभग २ वटा निर्वाचनमा खर्च भएका म्यानुअल खर्च भए पुग्छ । त्यसलाई स्थानीय, प्रदेश र प्रतिनिधिसभा गरेर कम्तीमा ९ वटा निर्वाचनमा प्रयोग गर्न सकिन्छ । त्यसपछि पनि खास ठूलो खर्च आउँदैन ।

## २) उम्मेदवार अस्वीकार (Right to Reject)

हाम्रो बहुदलीय लोकतन्त्र सीमित पार्टीका सीमित नेताहरुको सिन्डिकेटमा छ । ती पार्टीहरुमा आन्तरिक लोकतन्त्र मृतप्रायः छ । पार्टीको मूल नेतृत्वले चाहेको व्यक्तिलाई लाभको पदबाट रोक्ने क्षमता न पार्टीका अन्य निकायहरुसँग छ न जनतासँग नै छ । समानुपातिक कोटाबाट सांसद खरिद/बिक्री हुने गरेको तथ्य पुरानो होइन । प्रत्यक्ष निर्वाचनको सांसदको टिकट बलिया पार्टीबाट व्यापारी र साधन-स्रोतले सुसज्जित नेताहरुले मात्रै पाउने अवस्था सृजना भएको तथ्य हामीमाझ छ । त्यति मात्र होइन, पाटीहरुले एउटै उम्मेदवारलाई एउटै निर्वाचन क्षेत्रबाट पटक-पटक उम्मेदवार बनाउने गरेको तथ्य पनि स्पष्टै छ । मुख्यतः पुराना पाटीहरुको उम्मेदवार को हुन्छ भन्ने कुरा प्रायः पहिले नै फिक्स हुने गरेको छ । जनताले आफ्ना प्रतिनिधि कस्तो हुनुपर्छ भनेर सोध्ने अधिकारलाई राजनीतिक दलहरुले बन्धक बनाएका छन् । परिणामस्वरुप हाम्रो निर्वाचन प्रणालीमा उम्मेदवार अस्वीकार (Right to Reject) को प्रावधान उल्लेख गर्नैपर्ने भएको छ । एकपटक रिजेक्ट भएको उम्मेदवार अर्को त्यस्तै प्रकृतिको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछ, जसरी रेडकार्ड खाएको फुटबल खेलाडीले तत्काल खेलमैदान छोड्नु पर्नेछ र त्यसपछि कम्तीमा एक खेलको प्रतिबन्ध सामाना गर्नुपर्छ । यसरी निर्वाचन

सुधारका कामहरु गरियो भने राजनीतिक दलहरुले उम्मेदवार छनौटलाई पारदर्शी र आन्तरिक लोकतन्त्रमा आधारित बनाउन बाध्य हुने मात्र होइन, साधन र स्रोत कब्जा गरेका व्यतिहरुका लागि राजनीति सरल खरिद-बिक्रीको क्षेत्र हुनेछैन ।

अब प्रश्न उठ्न सक्छ- जनताले सवै उम्मेदवारहरुलाई रिजेक्ट गरे भने के फेरि निर्वाचन गर्ने ? त्यो त खचिलो हुन्छ । हामीले अघिल्लो अध्यायमा भनिसक्यौं कि  निर्वाचनलाई डिजिटल प्लेटफर्ममा आधारित सरल र सहज बनाइनेछ । एउटा मतदान र पाँचवटा मतदानमा लागत खर्चको भिन्नता अत्यन्तै न्युन हुनेछ ।

त्यसकारण यो परम्परालाई अन्त्य गर्नको लागि उम्मेदवार अस्वीकार गर्ने अधिकारको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसको लागि निर्वाचनमा दोस्रो स्थानमा रहने उम्मेदवारलाई उम्मेदवार अस्वीकारपछि रिक्त स्थानको हकदार बनाइनेछ ।

३) प्रत्याह्वानको अधिकार (Right to Recall)

हरेक निर्वाचन क्षेत्र एउटा सानो एकाइको संसदजस्तै हुनेछ । जसरी केन्द्रीय संसदमा बहुमत सांसदहरुले प्रधानमन्त्री निर्वाचित गर्दछन् र प्रधानमन्त्री अल्पमतमा परेको दिन अविश्वासको प्रस्ताव ल्याउने गर्दछन्, त्यसैगरी हरेक निर्वाचन क्षेत्रका मतदाताहरुले आफूले एकपटक निर्वाचित गरेर पठाएका जनप्रतिनिधिहरु आफूले जारी गरेको घोषणापत्रमा प्रतिबद्ध नभएमा Right to Recall को अधिकार प्रयोग गर्नेछन् । जसरी केन्द्रीय संसदमा हाम्रो संविधानले अङ्गीकार गरेको पहिलो निर्वाचित प्रधानमन्त्रीको विरुद्धमा पहिलो दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन पाउँदैनन्, त्यसैगरी निर्वाचित जनप्रतिनिधिको विरुद्धमा पनि निर्वाचित भएको पहिलो दुई वर्ष Right to Recall को अधिकार प्रयोग गर्न पाउनेछैनन् । तर पहिलो दुई वर्षपछि बहुमत मतदाताहरुको आधिकारिक हस्ताक्षरबाट Right to Recall को अधिकार प्रयोग गर्न पाउनेछन् । यी सबै प्रक्रियाको नेतृत्व दोस्रो हुने वा तेस्रो हुने उम्मेदवारहरुको संयुक्त पहलकदमीमा हुनेछ । यदि Right to Recall सफल भएमा दोस्रो वा तेस्रो उम्मेदवारमध्ये जसले Right to Recall को नेतृत्व गर्दछ, ऊ स्वतः सांसद निर्वाचित हुनेछ र Recall बाट फिर्ता बोलाइएको उमेद्धवार अर्को एउटा निर्वाचनको लागि अयोग्य हुनेछ । तर Right to Recall रिजेक्ट भयो भने त्यसको आह्वान गर्ने उम्मेदवार अर्को एक निर्वाचनको लागि अयोग्य घोषित हुनेछ ।

हाल विद्यमान निर्वाचन प्रणालीमा प्रथम हुने उम्मेदवार सांसद निर्वाचित हुन्छ । प्रायः क्षेत्रहरुमा प्रथम हुने निर्वाचित सांसदको मत अन्य पराजित उम्मेदवारहरुले प्राप्त गरेको कुल मतको एक-तिहाई पनि हुँदैन । त्यसकारण निर्वाचित जनप्रतिनिधि ५ वर्ष आफ्ना मतदाताप्रति गैर-जिम्मेवार भइरहेका छन् । त्यसैगरी दोस्रो र तेस्रो स्थान हासिल गरेर पराजित उम्मेदवारहरु त जिम्मेवार हुनैपरेन । तर Right to Recall को व्यवस्था भयो भने कम्तीमा तीन उम्मेदवारहरुमध्ये जित्ने एउटा र पराजित दुई उम्मेदवारहरु मतदाताप्रति सक्रिय भूमिकामा हुन्छन् । पहिलो हुने निर्वाचित जनप्रतिनिधिलाई कुनै

फौजदारी मुद्धा लागेमा ऊ निलम्बित हुनेछ भने अभियोग प्रमाणित भए स्वतः दोस्रो हुने उम्मेदवार निर्वाचित हुनेछ । तर पहिलो हुने उम्मेदवारको मृत्यु भएमा दोस्रो उम्मेदवार स्वतः निर्वाचित हुनेछैन । त्यहाँ पुनः मतदान गराउनु पर्नेछ ।

**४) शासकीय स्थिरताको सट्टा नीतिगत स्थिरता**

नेपाल दुई ठूला आर्थिक र भौगोलिक देशहरु चीन र भारतको बीचमा अवस्थित छ । यति सानो हिमाली राज्यमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले जुनसुकै समयमा निरङ्कुश रुप धारण गर्नसक्दछ । २०७४ सालमा करिब दुई-तिहाई बहुमतका साथ सत्तामा गएका तत्कालीन नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीको निरंकुश शासक हुने महत्वाकांक्षा हामीले देखेका छौं । हाम्रा आजका तमाम समस्याहरु शासक बलियो नभएको कारण सृजना भएका हुन् भन्ने भ्रम पारिएको छ । तर हामीले के बिर्सनु हुँदैन भने यही मुलुकमा भीमसेन थापाले ३० वर्ष, जङ्गबहादुरले ३० वर्ष, वीर शमशेर र जुद्ध शमशेरले १५/१५ वर्ष, चन्द्र शमशेरले ३० वर्ष, राजा महेन्द्र र वीरेन्द्रले हाराहारी ४५ वर्ष कार्यकारी अधिकार प्रयोग गरेका थिए । हामी ती निरंकुश शासकहरु भोगेका नागरिक हौं । गएको निर्वाचनमा नेकपाले शासकीय स्थिरताको नारामा लगभग दुई-तिहाई मत प्राप्त गरेको धेरै भएको छैन । बहुदलीय प्रणाली आफैंमा अस्थिर व्यवस्था हो । त्यसकारण हाम्रो समस्याको समाधान शासकीय स्थिरता होइन, नीतिगत स्थिरता हो ।

यसबाट के स्पष्ट हुन्छ भने हाम्रो निर्वाचित कार्यकारी प्रमुखको धारणा हाम्रो संविधानको शक्तिपृथकीकरणको सिद्धान्तको प्रतिकूल छ । बरु केन्द्र सरकारलाई गृह, रक्षा, परराष्ट्र, अन्तर्राष्ट्रिय व्यापारजस्ता अधिकारमा सीमित गरेर प्रदेश र स्थानीय सरकारहरुलाई बलियो सरकारको रुपमा अधिकार सम्पन्न बनाउनु पर्दछ ।

**५) प्रमुख राष्ट्रिय मुद्दाहरुमा जनमत संग्रह गर्ने**

राष्ट्रलाई दूरगामी प्रभाव पार्ने मुद्दाहरु, नागरिकका मौलिक अधिकारहरुलाई स्थगन गर्ने गरी संकटकाल लगाउनु पर्ने विषयहरु, प्राकृतिक प्रकोप वा राष्ट्रिय आपतकालीन, आदि विषयहरुमा नागरिकको जनमत संग्रह गर्दा ती राज्यहरु अझ पारदर्शी तथा लोकतान्त्रिक हुन्छन् । त्यसकारण जनमत संग्रहको व्यवस्था अनिवार्य गरिनु पर्दछ ।

## डिजिटल लिडरसिप निर्माण आन्दोलनको प्रस्ताव

एकजना प्रसिद्ध गणितज्ञ उल्फग्याङ्ग बोल्याईले भनेका थिए- "कुनै पनि वस्तु आफ्नो जमानामा त्यसैगरी यत्रतत्र उत्पन्न हुन्छ, जसरी वर्षायाममा झारहरु उत्पन्न हुन्छन् ।" बोल्याईको यो कथन अहिले डिजिटल प्रविधिमा पूर्णतया लागु हुन्छ । एक्काइसौं शताब्दीमा यो यत्रतत्र फैलिरहेको छ । किनभने यो डिजिटल प्रविधिको युग हो । त्यसैगरी महान दार्शनिक कार्ल मार्क्सका अनुसार "हरेक दर्शन आफ्नो युगको बौद्धिक सार हो ।" अहिले डिजिटल प्रविधि हाम्रो युगको बौद्धिक सारको रुपमा उदाएको

छ । यसबिना हाम्रो युगको कल्पनै गर्न सकिन्न । कृत्रिम बौद्धिकता (artificial intelligence) आजको बौद्धिक क्रान्तिको प्रतिनिधि हो ।

**१) भ्रष्टाचारको विरुद्ध  डिजिटल प्रविधि**

भ्रष्टाचार प्रमुख समस्याको रुपमा संसारभरि व्याप्त छ । हाम्रो जस्तो पिछडिएको मुलुकमा त अर्थतन्त्रको प्रमुख समस्या नै भ्रष्टाचार रहिआएको छ । राजनीति, बजार, अर्थतन्त्र र सामाजिक असन्तुलन यसका प्रमुख क्षेत्रहरु हुन् । भ्रष्टाचारविरुद्ध मृत्युदण्डजस्तो कठोर कानून लागु गर्दै आएको चीनजस्तो देशमा पनि भ्रष्टाचार नै अर्थतन्त्रको प्रमुख समस्या भएको तथ्य चिनियाँ राष्ट्रपति शी जि-पिङ्गले उल्लेख गरेका छन् । हाम्रो देशमा पनि नयाँ संविधान बन्दादेखि नै भ्रष्टाचारविरुद्ध कठोर कानूनको माग हुँदैआएको छ । तर हामीले डिजिटल प्रविधिको माध्यमबाट आएको असाधारण परिवर्तनलाई उपयोग नगरेसम्म कानूनी प्रवधानबाट मात्र उन्मूलन गर्न सम्भव हुँदैन । हामीले भ्रष्टाचार न्युनीकरणमा डिजिटल प्रविधिलाई सफलतापूर्वक प्रयोग गर्नसक्छौं । उदाहरणको लागि फिजिकल मुद्राको स्थानमा डिजिटल कारोबारलाई व्यापक बनाउँदै लानुपर्दछ । विशेष गरी भ्रष्टाचारमा प्रयोग हुँदैआएको रु.५०० र रु.१००० को नेपाली नोटमाथि प्रतिबन्ध लगाई ठूला कारोबारहरुमा बैंकिङ्ग र अनलाइन सिस्टमलाई मात्र वैधानिक बनाउनु पर्दछ । परिणामस्वरुप कमिसन बुझाउने र बुझ्नेलाई एक करोडको अवैधानिक कारोबार १०० को नोटबाट गर्नुपर्ने जटिल परिस्थिति सृजना हुनेछ । यसको दोस्रो पाटो पनि  छ, रु.५०० र रु.१००० को नोटलाई माध्यम बनाएर राज्यका विभिन्न करप्रणालीहरुलाई पहिलेदेखि नै झुक्याउँदै आएका र भविष्यमा पनि राज्यलाई छल्ने ठूलो कारोबार राज्यको वैधानिक क्षेत्रभित्र आउन बाध्य हुनेछ । स्मरण रहोस्, मोबाइल वा बैंकिङ्ग च्यानलबाट हुने सम्पूर्ण कारोबारहरु लामो समयसम्म अभिलेखको रुपमा सुरक्षित हुनेछन् ।

**२) आत्मनिर्भर कृषिमा डिजिटल प्रविधि**

कम्तीमा एक दशक हामी हाम्रो कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन मात्र केन्द्रित हुनुपर्नेछ । त्यसको लागि कृषि उत्पादनमा संसारमा विकसित भएका उच्चतम प्रविधिहरु ल्याएर उत्पादनलाई व्यापक बनाउनु पर्नेछ ।

**३) पर्यटनमा डिजिटल प्रविधि**

डिजिटल प्रविधिको उच्चतम प्रयोग गरेर विकसित भएका मुलुकका नागरिकहरुले पनि नेपालको भ्रमण गर्दा आफ्नै मुलुकको जस्तो प्रविधिको प्रयोग गर्न पाउने प्राविधिक पूर्वाधारहरुको निर्माण गरी अन्तर्राष्ट्रिय पर्यटन संजालहरुमा एकाकार गर्नसकिनेछ ।

**४) जलविद्युतमा डिजिटल प्रविधि**

पछिल्ला तथ्यांकले प्राकृतिक जलविद्युत नेपालको अर्थतन्त्रको प्रमुख हिस्सा बन्ने देखिएको छ । हाम्रो ठूलो अन्तरको व्यापार घाटालाई न्युनीकरणमा मात्र होइन, अन्तर्राष्ट्रिय मुद्राको संचयमा पनि सहायक हुनेछ । तर अन्तर्राष्ट्रिय बजारमा हाम्रो विद्युतको मूल्य सस्तो अवश्य हुनुपर्दछ । त्यसको लागि हामीले हाम्रो विद्युतको उत्पादनमा लागत कम गर्नसक्नु पर्दछ । लागत कम गर्नको लागि शारीरिक श्रमको स्थानमा डिजिटल प्रविधिहरुको प्रयोग गर्नसकिन्छ ।

५) **प्रशासनमा डिजिटल प्रविधि**

हाम्रो देशमा सरकारले जनतालाई प्रदान गर्ने सेवा-सुविधाहरु र नागरिक सरकारलाई बुझाउने कर अझै पनि भौतिक नै छन् । परिणामस्वरुप सरकारको मासिक खर्च धेरै रहेको छ र नागरिकहरुको समयको बर्बादी हुँदैआएको छ । प्रशासनमा डिजिटल प्रविधिको प्रयोगबाट सरकारको आयमा बृद्धि, खर्चमा कटौती र नागरिकहरुको समयको बर्बादीमा सन्तुलन कायम गर्नसकिन्छ ।

यो असाधारण सम्भावना भएको डिजिटल प्रविधिलाई सीमित मानिसहरुको कब्जाबाट सम्पूर्ण जनताको पहुँचमा पुऱ्याउनको लागि डिजिटल लिडरसिपको विकास गर्नु वर्तमान युगको आवश्यकता हो । यही उद्देश्य पूरा गर्नको लागि डिजिटल लिडरसिप निर्माण आन्दोलनको प्रस्ताव गरिएको छ । यो आन्दोलनको माध्यमबाट लाखौं डिजिटल लिडरहरु तयार गरिनेछ, जसले देशभरि सबै क्षेत्रहरुमा डिजिटल प्रविधिलाई तीव्र गतिमा स्थापित गर्नेछन् ।

## प्रतिबद्धताहरु

१) म राज्यबाट प्राप्त हुने तलव, बैठक भत्तालगायत कुनै पनि सुविधाहरु ग्रहण गर्नेछैन ।

२) हालसम्मको मेरो जीवन समान्य र मितव्ययी छ । त्यसलाई कायम राख्नेछु ।

३) प्रत्येक तीन-तीन महिनामा आफ्नो सम्पूर्ण विवरण समावेश गरिएको अडिट रिपोर्ट सार्वजनिक गर्नेछु ।

४) म आफूले सार्वजनिक गरेको घोषणापत्रप्रति प्रतिबद्ध छु र रहनेछु ।

५) म हरेक महिना सार्वजनिक महत्वका प्रोजेक्टहरुमा फिल्डमा मजदुरहरुसँगै शारीरिक श्रमदानको लागि प्रतिबद्ध हुनेछु ।

## नाराहरु

‘वर्तमान युगको आवश्यकता
डिजिटल लिडरसिप,
डिजिटल लिडरसिप निर्माणको लागि
मेरो उम्मेदवारी ।’

‘देश विकासमा डिजिटल प्रविधिको महत्व,
डिजिटल प्रविधिको लागि युवा नेतृत्व ।’